**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. चुनाव आयोगले पश्चिम बंगालमा नयाँ विधानसभाको गठनको लागि अधिसूचना जारी गरेको छ फलस्वरूप नयाँ सरकार गठनको लागि बाटो खुला भएको छ।

२. पश्चिम बङ्गालमा विधानसभा चुनाउको परिणामपछि ममता ब्यानर्जीको घर सामु सुरक्षाको लागि लगाइएको सबै गार्ड वाललाई हटाइएको छ।

३. पश्चिम बंगालमा राज्यपालको सचिवमा आईएएस अधिकारी सौमित्र मोहनको नियुक्ति आधिकारिक रूपमा पुष्टि भएको छ।

४. पश्चिम बङ्गाल विधानसभा चुनाउमा दुवै सीटबाट जीत दर्ता गराएपछि भाजपा नेता शुभेन्दु अधिकारीले राज्यवासीहरूप्रति आभार व्यक्त गर्नु भएको छ।

५. यस वर्षको विधानसभा चुनावमा ५४ सिट भएको उत्तर बंगालमा भारतीय जनता पार्टीले ३९ निर्वाचन क्षेत्रहरूमा जित हासिल गरेर आफ्नो पकडलाई अझ बलियो बनाएको छ।

**निर्वाचन आयोग -अधिसूचना**

चुनाव आयोगले पश्चिम बंगालमा नयाँ विधानसभाको गठनको लागि अधिसूचना जारी गरेको छ। पश्चिम बंगालका राज्यपाललाई यो अधिसूचना पठाइएसँगै निर्वाचन प्रक्रिया औपचारिक रूपमा समाप्त भएको छ। फलस्वरूप नयाँ सरकार गठनको लागि बाटो खुला भएको छ। आयोगले भनेको छ, परिणाम घोषणापछि यो अधिसूचना जारी गर्नु एक महत्वपूर्ण संवैधानिक कदम हो। यसले स्थापित प्रक्रियाहरू अनुसार सरकार गठनको पछिल्ला चरणहरू सुरु गर्ने मार्ग प्रशस्त गर्दछ। वैधानिक ढाँचाको कडाईका साथ पालना गर्दै मतदानदेखि मत गणनासम्मको सम्पूर्ण प्रक्रिया स्वतन्त्र, निष्पक्ष र पारदर्शी रूपमा सम्पन्न भएको छ। अधिसूचनाले निर्वाचित प्रतिनिधिहरूको शपथ ग्रहण र राज्यमा नयाँ सरकार गठनको लागि मार्ग प्रशस्त गरेको छ।

**निर्वाचन आयोग – पश्चिम बंगाल निर्देशनहरू**

निर्वाचन आयोगले पश्चिम बंगालका मुख्य सचिव, पुलिस महानिदेशक र केन्द्रीय सशस्त्र पुलिस बललाई निर्वाचनपछि हुने कुनै पनि हिंसालाई सम्बोधन गर्न कडा निर्देशन जारी गरेको छ। आयोगले विधानसभा चुनावको नतिजा घोषणा भएपछि कानून व्यवस्था कायम राख्न कडा र तत्काल कारबाहीको आवश्यकतामा जोड दिएको छ। अधिकारीहरूलाई सबै नागरिकहरू - विशेष गरी कमजोर समूहहरू र राजनीतिक कार्यकर्ताहरूको सुरक्षा सुनिश्चित गर्न र संवेदनशील क्षेत्रहरूमा सुरक्षा बलको उपस्थिति कायम राख्न पनि निर्देशन दिइएको छ। आयोगले केन्द्रीय सशस्त्र पुलिस बलले शान्ति कायम राख्न पश्चिम बंगाल पुलिसलाई सहयोग गरिरहने बताएको छ, जबकि जिल्ला प्रशासनहरूलाई परिस्थितिलाई नजिकबाट निगरानी राख्न र सबै तहमा जवाफदेहिता सुनिश्चित गर्न भनिएको छ। आयोगले भनेको छ, स्वतन्त्र र निष्पक्ष चुनावहरू केवल मतदान र मतगणना प्रक्रियाहरूमा मात्र सीमित छैनन्, तर चुनावको परिणामपछिको वातावरणलाई पनि समेट्छन्।

**ममताको घर सामु सुरक्षाको गार्ड वाललाई हटाइयो**

पश्चिम बङ्गालमा विधानसभा चुनाउको परिणाम सार्वजनिक हुनसाथ भारी बहुमतले विजय भएको भारतीय जनता पार्टी (भाजपा)-को उत्सव चारैतिर देखिँदैछ। हिजोदेखि कालीघाटमा परिवर्तनको हावा चलिरहेको छ। यसै क्रममा हरिश च्याटर्जी स्ट्रीटस्थित ममता ब्यानर्जीको घर सामु सुरक्षाको लागि लगाइएको सबै गार्ड वाललाई हटाइएको छ। अब यस क्षेत्रमा आम मानिसहरूको आवागमन पूर्ण रूपले सामान्य भएको छ। वास्तवमा ममता ब्यानर्जी अब मुख्यमन्त्री पदमा रहेनन् जसले गर्दा उनको सुरक्षा व्यवस्थालाई बिस्तारै घटाइँदैछ। सुश्री ममता ब्यानर्जी पछिल्लो लामो समयदेखिकै 30 बी, हरिश च्याटर्जी स्ट्रीटस्थित आफ्नो पैतृक घरमा बस्दै आइरहनु भएको थियो। उहाँको राजनीतिक जीवनको शुरूआतदेखि लिएर मुख्यमन्त्री बन्नेसम्म यस घरमा त्यति धेरै परिवर्तन नदेखिए पनि क्षेत्रको सुरक्षा व्यवस्थामा ठूलो परिवर्तन देखिएको छ। मुख्यमन्त्री बनेपछि उहाँको घर अगाड़िको सड़कलाई सर्वसाधारणको लागि लगभग बन्द गरिएको थियो। मुख्य सड़कदेखि भित्र जानको लागि गार्डरेल पार गर्नुपर्थ्यो। सूत्र अनुसार नवान्नको निर्देशमा पुलिसले सबै गार्डरेललाई हटाइदिएको छ। तथापि अहिले पनि क्षेत्रमा केही पुलिसकर्मीहरू तैनाथ छन् साथै निगरानी जारी छ।

**राज्यपालको सचिवमा सौमित्र मोहन नियुक्ति**

पश्चिम बंगालमा राज्यपालको सचिवमा आईएएस अधिकारी सौमित्र मोहनको नियुक्ति आधिकारिक रूपमा पुष्टि भएको छ। स्रोतहरूका अनुसार, २००२ ब्याचका आईएएस अधिकारी सौमित्र मोहनलाई राज्यपाल आर.एन. रविको सचिवमा नियुक्त गरिएको छ। यो निर्णय विधानसभा चुनावको नतिजा घोषणा भए लगत्तै गरिएको थियो र यसलाई नयाँ प्रशासनिक आदेशको सुरुवातको रूपमा हेरिएको छ। पश्चिम बंगाल सरकारको कार्मिक तथा प्रशासनिक सुधार विभागले हिजो यस विषयमा आधिकारिक सूचना जारी गरेको थियो। उक्त सूचनाको आधारमा नियुक्ति प्रभावकारी मानिएको छ। सौमित्र मोहन पहिले राज्य यातायात विभागको सचिवको रूपमा सेवा गरिरहनु भएको थियो र श्रम विभागको अतिरिक्त कार्यभार पनि सम्हाल्नु भएको थियो। अब उहाँलाई राज्यपालको सचिवालयको जिम्मेवारी दिइएको छ।पश्चिम बंगालमा सत्ता परिवर्तन पछि यो पहिलो प्रमुख नियुक्ति हो। यो नियुक्तिलाई प्रशासनिक रूपमा महत्त्वपूर्ण मानिएको छ।

**भाजपा-ममता**

भारतीय जनता पार्टीले भारत एक लोकतन्त्र हो र यसलाई सधैं सम्मान गरिनुपर्छ भनी बताएको छ। पश्चिम बंगालकी निवर्तमान मुख्यमन्त्री ममता ब्यानर्जीले राजीनामा नदिने भनी गरेको आरोपित बयानको जवाफ दिँदै भाजपा प्रवक्ता संबित पात्राले यी टिप्पणीहरूलाई अराजक भन्नु भएको छ र त्यस्ता बयान दिन संयम अपनाउन आग्रह गर्नु भयो। पात्राले यी टिप्पणीहरू चिन्ताजनक भएको उल्लेख गर्नु भयो, किनकि देशको लोकतन्त्रमा सत्ता हस्तान्तरण ऐतिहासिक रूपमा सधैं शान्तिपूर्ण रूपमा भएको छ। उहाँले भन्नु भयो, यो केवल भाजपामाथिको आक्रमण मात्र होइन, लोकतन्त्र र संविधानमाथिको आक्रमण हो।

**भाजपा नेता शुभेन्दु अधिकारी**

पश्चिम बङ्गाल विधानसभा चुनाउमा दुवै सीटबाट जीत दर्ता गराएपछि भाजपा नेता शुभेन्दु अधिकारीले राज्यवासीहरूप्रति आभार व्यक्त गर्नु भएको छ। उहाँले पूर्व मेदिनीपुर जिल्लाको नन्दीग्राम र दक्षिण कोलकाताको भवानीपुर सीटबाट जीत हासिल गर्नु बएको छ। यसको साथै भाजपाले राज्यमा व्यापक समर्थनको साथमा ठूलो सफलता हासिल गरेको छ। हिजो सोशल मीडियामा जारी आफ्नो सन्देशमा श्री शुभेन्दु अधिकारीले पश्चिम बङ्गालका जनतालाई "प्रणाम" गर्दै भन्नु भयो, भाजपालाई व्यापक समर्थन दिएकोमा तथा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमाथि विश्वास गरेकोमा सबैप्रति आभारी छु। उहाँले भन्नु भयो, यो जीत हरेक देशभक्त एवं राष्ट्रवादी नागरिक तथा भाजपाका प्रत्येक कार्यकर्ताको जीत हो।
उहाँले आफ्नो सन्देशमा भन्नु भयो, भाजपा एक विकसित, समृद्ध औ सुरक्षित पश्चिम बङ्गाल निर्माणको लागि प्रतिबद्ध छ र पार्टी आफ्ना सबै वाचाहरू पूरा गर्नको लागि दृढ़ सङ्कल्पित छ। सबैलाई साथमा लिएर एक स्वस्थ, सुन्दर अनि प्रगतिशील राज्य निर्माण गरिनेछ जहाँ जनताको सेवा नै सरकारको लक्ष्य हुनेछ।
श्री शुभेन्दु अधिकारीले चुनाउ प्रक्रियालाई सफलतापूर्वक सम्पन्न गराएकोमा चुनाउ आयोग, सरकारी कर्मचारी, केन्द्रिय बल एवं राज्य तथा कोलकाता पुलिसप्रति पनि विशेष आभार व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा एक विकसित तथा आत्मनिर्भर पश्चिम बङ्गालको निर्माण नै उहाँको प्रमुख सङ्कल्प हो।

**दिलीप घोष**

पश्चिम बंगाल भाजपाका पूर्व अध्यक्ष दिलीप घोषले विधानसभा चुनावको नतिजापछि एउटा महत्त्वपूर्ण वक्तव्य जारी गर्नु हुँदै बंगाल अब शान्ति र विकासको बाटोमा अगाडि बढ्ने र डा. श्यामाप्रसाद मुखर्जीको सपना पूरा गर्न पार्टी प्रतिबद्ध रहेको दाबी गर्नु भयो। हिजो सामाजिक सञ्जालमा पोस्ट गरिएको सन्देशमा श्री दिलीप घोषले भन्नु भयो, उहाँको राजनीतिक यात्रा खडगपुर सदर निर्वाचन क्षेत्रबाट ६ हजार मतको विजय अन्तरबाट सुरु भएको थियो - जुन अन्तर अब ३० हजार ५ सय मत पुगेको छ। उहाँले आफूमाथि विश्वास गरेकोमा खडगपुरका जनताप्रति आभार व्यक्त गर्नु भयो। यसबाहेक, उहाँले प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र नितिन नबिन लगायत केन्द्रीय नेतृत्वलाई धन्यवाद दिए। उनले प्रदेश भाजपा अध्यक्ष समिक भट्टाचार्य र पार्टी नेता शुभेन्दु अधिकारीप्रति पनि आभार व्यक्त गर्नु भयो।

श्री दिलीप घोषले भन्नु भयो, बंगालका जनताले भाजपालाई आफ्नो सेवा गर्ने अवसर दिएका छन् र अब जनताको अपेक्षा पूरा गर्नु पार्टीको जिम्मेवारी हो।

**बालुरघाटमा भाजपाले फर्काइदियो तृणमूलको कार्यालय**

पश्चिम बङ्गालका विभिन्न भागहरूबाट एकातिर चुनाउपछि हिंसा र पार्टी कार्यालय कब्जा गरेका समाचारहरू प्राप्त भइरहेको छ भने अर्कोतिर बालुरघाटमा यसको विपरीत दृश्य देख्न पाइयो। केन्द्रिय मन्त्री तथा भाजपा नेता सुकान्त मजुमदारको निर्देशमा स्थानीय भारतीय जनता पार्टीका नेताहरूले कब्जा गरेको तृणमूल कङ्ग्रेसको पार्टी कार्यालयलाई फर्काइदिए। हिजो बालुरघाटको वार्ड नम्बर तीनमा यस्तो गरेको देखियो। प्राप्त जानकारी अनुसार चुनाउ परिणाम आएपछि तृणमूलको स्थानीय पार्टी कार्यालयमा कब्जा गरिएको थियो। सूचना पाएर भाजपाका स्थानीय नेता समीर प्रसाद दत्त घटनास्थलमा पुगे अनि तृणमूल प्रतिनिधिहरूलाई बोलाएर कार्यालयको चाबी सुम्पिदिए। यति मात्र नभएर वार्ड नम्बर 16 मा तृणमूलको अर्को कार्यालयमा भएको तोड़फोड़को खबर पाएर भाजपा नेताहरूले स्वयं अगाड़ि आएर मद्दत गरे।

**उत्तर बङ्गालमा भाजपाको जीत**

पश्चिम बंगालको उत्तरी भाग अर्थात् उत्तर बङ्गालमा यस वर्षको विधानसभा चुनावको नतिजाले राजनीतिक परवर्तनको लहर फेरिएको स्पष्ट संकेत दिएको छ। ५४ सिट भएको उत्तर बंगालमा भारतीय जनता पार्टी (भाजपा) ले ३९ निर्वाचन क्षेत्रहरूमा जित हासिल गरेर आफ्नो पकडलाई अझ बलियो बनाएको छ।

यसको विपरीत तृणमूल कांग्रेसले धेरै जिल्लाहरूमा लज्जास्पद हार बेहोरेको छ। उल्लेखनीय कुरा के छ भने तृणमूलले अलिपुरद्वार, जलपाईगुडी र दार्जिलिङ जिल्लाहरूमा एउटा पनि सिट जित्न सकेन। यो परिणामले चिया बगान र आदिवासी बहुल क्षेत्रहरूमा भाजपाले आफ्नो प्रभुत्व स्थापित गरेको छ। लामो समयदेखि यी क्षेत्रहरूमा जनतामा उपेक्षा र विकासको अभावको बारेमा गहिरो आक्रोश थियो| यस पटक मतदाताहरूले आफ्नो मतपत्रमार्फत यसको प्रतिक्रिया व्यक्त गरे। चिया बगान र आदिवासी बहुल क्षेत्रहरूमा भाजपाले अत्यधिक समर्थन प्राप्त गर्यो।

****** ० ******